नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालय

फोन नं.: ०१-४२२३८८५
ईमेल: nepalhaj@gmail.com
सिंहदरवार, काठमाडौं।


प.सं.: ०७८/७९
च.नं.:

मितिः२०७८।०४।०३

बिषयः हज स्मारिका २०७८ को लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

यस नेपाल हज समितिको सचिवालयबाट **हज स्मारिका, २०७८** प्रकाशन हुने भएकोले हज सम्वन्धी लेख रचना समावेश गर्न इच्छुक लेखकहरूबाट मिति २०७८ श्रावण २० गते भित्र लेख रचना उपलब्ध गराईदिनुहुन आह्वान गरिन्छ । प्रकाशनको लागि लेख रचनाको माध्यम भाषा नेपाली वा अंग्रेजीको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्;

क) लेखको शुरुमा लेखको सार जनाउने सारांश
ख) मुख्य लेख/विषयवस्तु
ग) अन्त्यमा तयार पार्न प्रयोग भएका सन्दर्भ सामाग्री

लेख हजयात्रा सम्वन्धी अनुभव/अनुभूती, हज व्यवस्थापन सम्वन्धी विद्यमान अवस्था र सुधार गर्नुपर्ने विषयहरु, हज सम्वन्धी धार्मिक मान्यता, हज व्यवस्थापन सम्वन्धी अन्तराष्ट्रिय अभ्यास,हज व्यवस्थापनसंग सम्वन्धित निकायहरुको भूमिका लगायत लेख रचना तथा साहित्यिक सिर्जनाहरुमा केन्द्रित हुनुपर्नेछ ।लेख रचनामा राजनैतिक विषय,विवादास्पद धार्मिक विषयवस्तुहरु समावेश गर्न पाईने छैन ।

लेख रचना कम्तिमा ३०० शव्दको हुनुपर्नेछ । लेख रचनाका साथ लेखकले आफ्नो ठेगाना र मोवाईल नं. उल्लेख गरी यस सचिवालयको इमेल ठेगाना nepalhaj@gmail.com वा नेपाल हज समितिको सचिवालय, सिंहदरवार (गृह मन्त्रालयको पुरानो भवन) मा आईपुग्ने गरी पठाउनुहु सूचित गरिन्छ ।

नोटः छनौट गरिएको लेख रचनाको पारिश्रमिक नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका अनुसार उपलब्ध गराईने व्यहोरा समेत जानकारी गराईन्छ ।